# स्थानीय राजपत्र

दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६, दिप्रुङ चुइचुम्मा गाउँपालिका, याङसोलाटार खोटाङ असोज ७ गते, २०८० साल, (संख्या ५)


# भाग २

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङको सूचना

## दिप्रुङ चुइचुम्मा गाउँपालिकाको हेल्लो डाक्टर कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना:**

दिप्रुङ चुइचुम्मा गाउँपालिकाका नागरिकहरुको स्वास्थ्यको हकलाई सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई सुलभ, सहज तथा प्रभावकारी वनाउन सञ्चालन गरिएको हेल्लो डाक्टर कार्यक्रमलाई ब्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकारको प्रयोग गरी दप्रुङ चुइचुम्मा गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णयबाट पारित भई यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

परिच्छेद — १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको हेल्लो डाक्टर कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(१) "गाउँपालिका" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(२) "कार्यपालिका" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(३) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(४) "शाखा प्रमुख" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(५) "बिरामी पुर्जा शुल्क" भन्नाले हेल्लो डाक्टर कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाद्वारा तोकिएको निश्चित शुल्कलाई सम्झनु पर्दछ ।

(६) "मन्जुरीनामा" भन्नाले हेल्लो डाक्टर कार्यक्रम सञ्चालनका क्रममा सेवाग्राही वा सेवाग्राहीको संरक्षकले उपचार गर्न र जोखिम बहन गर्न कार्यविधिको अनुसूची बमोजिम दिने मन्जुरानामा सम्झनु पर्दछ ।

## परिच्छेद - २

## कार्यक्रमको सञ्चालन विधि

**३. कार्यक्रम सञ्चालन विधिः** (१) स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका, आकस्मिक रुपमा बिमार वा दुर्घटनामा परेका दिप्रुङ चुइचुम्मा गाउँपालिकाको क्षेत्रभित्रका नागरिकहरु, ज्येष्ठ नागरिक, दीर्घ रोगी, बालबालिका तथा अपाङ्गता भएका ब्यक्तिहरुलाई फोन सम्पर्कका माध्यमद्वारा स्वास्थ्यकर्मीहरुद्वारा परामर्श सेवा प्रदान गर्ने वा घर वा घटनास्थलमा आपतकालिन स्वास्थ्य सेवा प्रदान गर्न हेल्लो डाक्टर कार्यक्रम सञ्चालन गरिने छ ।

## परिच्छेद — ३

## जनशक्ति ब्यवस्थापन

**४. जनशक्ति ब्यवस्थापनः (१)** हेल्लो डाक्टर कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिम आवश्यक जनशक्ति ब्यवस्थापन गरिने छ ।

क. डाक्टर (आठौं तह)१ जना

ख. हेल्थ असिस्टेन्ट (पाँचौ तह) १ जना

ग. रेडियोग्राफर (पाँचौ तह) १ जना

घ. स्टाफ नर्स (पाँचौ तह) १ जना

ङ. अ. हे. व. (चौथो तह) ५ जना

च. अ. न. मि. (चौथो तह) 3 जना

छ. फार्मासिस्ट (चौथो तह) १ जना

ज. ल्याब असिस्टेन्ट (चौथो तह) १ जना

(२) हेल्लो डाक्टर कार्यक्रमका सम्पूर्ण कर्मचारी प्रमुख प्रशासकीय अधिकृत मातहत हुनेछन तर सामान्य प्रशासनिक निर्देशन तथा ब्यवस्थापन भने स्वास्थ्य शाखा र शाखा प्रमुखबाट हुनेछ ।

(३) कर्मचारी ब्यवस्थापन खुला प्रतिष्पर्धा मार्फत करार सेवाबाट गरिनेछ । कर्मचारीहरुको सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**(४)** हेल्लो डाक्टर कार्यक्रममा कार्यरत हरेक कर्मचारीले सञ्चित नहुने गरी एक महिना वापत जम्मा ४ (चार) दिन पारिवारिक विदा पउनेछन ।

(४) करार सेवामा कर्मचारीको परीक्षा एवं छनौट गर्ने प्रयोजनका लागि देहाय बमोजिम छनौट तथा सिफारिस समितिको गठन हुनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत — संयोजक

ख. विषय विज्ञ — सदस्य (१ जना)

ग. स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव (१ जना)

## परिच्छेद — ४

## विविध

**४. बिरामी पुर्जा शुल्कः** आपतकालिन सेवा उपलब्ध गराए वापत हेल्लो डाक्टर कार्यक्रम सञ्चालनका लागि एक बिरामी बराबर रु ५० (पचास रुपैयाँ) पुर्जा शुल्क लिइनेछ । एक बिरामी पुर्जा एक हप्ता समयसम्मका लागि मान्य हुनेछ ।

**५. मञ्जुरीनामा** : हेल्लो डाक्टर कार्यक्रमबाट लाभ लिने सेवाग्राही वा निजको संरक्षकले अनुसूची १ बमोजिम मञ्जुरीनामा गरी बुझाए पश्चात सेवा लिनु पर्नेछ ।

**६.** यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

अनुसूची १

दिप्रुङ चुइचुम्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङसोलटार, खोटाङ

**(हेल्लो डाक्टर कार्यक्रम)**

**उपचार कन्सेन्ट/मन्जुरीनामा**

म मेरो ................................................................ को बिरामीलाई हेल्लो डाक्टर कार्यक्रम अन्तर्गत उपचार गराउन मन्जुर छु । उपचार अवधीमा बेहोस गराई वा नगराई उपचार गराउन समेत मन्जुर छु । संसारभरीका जुनसुकै अस्पताल वा उपचार विधिमा समेत विरामीको ज्यान जोखिममा रहन सक्दछ भन्ने मलाई/हामीलाई जानकारी गराईयो । त्यसैले उपचार गराउने क्रममा केहि तलमाथी भए यस कार्यक्रम अन्तर्गतका कुनै कर्मचारीको लापरवाही भनेर दोष दिने छैन भनि यो मन्जुरीनामामा सहिछाप गरिदिएको छु ।

बिरामीसंगको संरक्षकको नाताः- .................... बिरामीको नाम........................

नामः- ......................................

ठेगानाः- ...................................

फोन नम्बरः-..............................

दस्तखतः-..................................

| संरक्षकको औठाछाप | | बिरामीको औँठाछाप | |
|---|---|---|---|
| दायाँ | बाँया | दाँया | बाँया |
| | | | |

<u>**आज्ञाले**</u>

**पिएस्पी चाम्लिङ राई**

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**